प्रदेश सरकार
बागमती प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपंछी तथा मत्स्यविकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुर

## साझेदारीमा पशुपन्छी/मत्स्य पालन एवम् उत्पादनमा प्रयोग हुने मेशिनरी औजार सम्बन्धी यन्त्र उपकरण आपूर्ति सम्बन्धी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशन मितिः२०७७/१०/१६)**

१) यस कार्यालयको चालु आ.व.२०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार सार्वजानिक खरिद ऐन २०६३ (संसोधन सहित) बमोजिम यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका मेशिनरी औजार सम्बन्धी यन्त्र खरिद गर्नुपर्ने भएकोले आपूर्ति गर्न इच्छुक र इजाजतप्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अध्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व.२०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाणपत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको तपशिलमा उल्लेखित बोलपत्र दस्तुर रू. ३०००/- (अक्षेरुपी रू. तीन हजार मात्र पछि फिर्ता नहुने गरी) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको कोड नं. ३१२०२३२०४३, कार्यालयको राजस्व खाता नं. १०००२०००१०००० राष्ट्रिय वाणिज्य बैंक लि. शिर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कल भौचर वा राजस्व शाखामा दाखिला गरेको नगदी रसिद निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइनेछ। तोकिएको समयभन्दा पछाडिको बोलपत्र मान्य हुनेछैन।

३) खरिद गरिएको बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको (२०७७/११/१६ गते) १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिनेछ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, मकवानपुरको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता १३००५०२०००००० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मितिपछिकोलाई मान्यता दिइनेछ।

५) दर्ता हुन आएका बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१औं दिनको २:०० बजे भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरमा खोलिनेछ, तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजानिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन। बोलपत्रमा आइटमको दररेट अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

९) बोलपत्र दाताले आफू खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र खरिद कार्य र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी घोषणासहित तोकिएको बोलपत्र फारममा सहि छाप पेश गर्नुपर्नेछ।

१०) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ।

११) बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरमा सम्पर्क गर्न सकिनेछ।

| बोलपत्र र ठेक्का नं. | सामान/उपकरणको नाम | बोलपत्र फारम दस्तुर रू. | जमानत रकम |
|---|---|---|---|
| VHLEC/NCB/Goods/01/2077/078 | ईलेक्ट्रिक चयाफ कटर ४८ थान (अठचालिस थान) बोलपत्रमा संलग्न स्पेसिफिकेशन बमोजिम | ३०००/- (रू. तीन हजार मात्र) | ६०,०००/- (रू. साठी हजार मात्र) |